नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग

# राजस्व अनुसन्धान कार्यालय

ईटहरी, सुनसरी

## लिलाम विक्रिको शीलवन्दी वोलपत्र आवह्यन सम्वन्धि १५दिने सूचना

**(सूचना प्रकाशित मितिः २०८१।०४।३१गते)**

यस कार्यालयबाट विभिन्न मितिमा कब्जामालिईएका तपसिलमा उल्लेखित मालसामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गर्नुपर्ने भएकोले नियमानुसार दर्ता भएका इच्छुक फर्म तथा कम्पनीबाट निम्न शर्तको अधिनमा रही राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को नियम २६ बमोजिम सिलवन्दी लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ ।

<u>शर्तहरु</u>

१.बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिनको दिन निवेदन सहितसंलग्न गरी रु. एक लाख सम्मको लागि रु. ३००।-,रु. एक लाख भन्दा माथि रु. दश लाख सम्मकोमा रु १०००।—र रु. दश लाख भन्दा माथिको रु. २०००।- पछि फिर्ता नहुने गरी नगद वुझाइ मिति २०८१।०५।१३ गते ४.००वजे भित्र कार्यालय समयमा यस कार्यालयवाट दरभाउ पत्र खरिद गरिसक्नु पर्ने र मिति २०८१।०५।१४गते दिनको १२ वजे भित्र वोलपत्र दर्ता गरिसक्नुपर्नेछ।

२.प्रत्येक मुद्दाको छुट्टछुट्टै दरभाउपत्र फारम रितपवुर्वक भरी माथि तोकिएको मिति र समय भित्र शिलवन्दी खामको वाहिर पट्टी यस कार्यालयको नाम, मुद्दा नं.,सुचना नं., बोलपत्रदाताको नाम, ठेगाना, सम्पर्क नं. समेत स्पष्ट खुलाई सहिछाप गरी लाहा छाप लगाई शिलवन्दी गरी दर्ता गराइसक्नुपर्ने छ । दर्ता भएका बोलपत्रहरु वोलपत्र दर्ता गर्ने अन्तिम दिनको २.१० वजेको समयमा वोलपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा कार्यालयमा खोलिने छ ।बोलपत्रदाताका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न वाधा हुने छैन ।

३.वोलपत्रमा उल्लेखित कुल कवोल अङ्कको कम्तिमा १० प्रतिशतले हुन आउने जमानत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय सुनसरीको राष्ट्रिय वाणिज्य वैंक, इनरुवा शाखामा खोलिएको धरौटी खाता नं. २२२०१००१०२०३०००० तथा यस कार्यालयको कोड नं. ३०१०५१४०१ मा प्रत्येक मुद्दाका लागि छुट्टछुट्टै सक्कल वैंक भौचर बोलपत्र साथ संलग्न राखी पेश गर्नुपर्ने छ ।

४.आफुले कबोल गरेको रकमको मुल्य (मु.अ.कर) अङ्क र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

५.बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ७ दिन भित्र बाँकी रकम दाखिला गरी मालसामान उठाइ लैजानु पर्ने छ । म्याद भित्र रकम जम्मा नगरेमा नियमानुसार गरिनेछ ।

६.दरभाउपत्र सम्वन्धि कागजात खरिद गर्नेहरुले मालसामान हेर्न चाहेमा कार्यालय समयमा सम्पर्क गरी हेर्न सकिनेछ ।

७.बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु लगत्तै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ ।

८.यस कार्यालको नाममा धरौटी खातामा रकम जम्मा गर्ने तर दरभाउपत्रसाथ धरौटी रसिद पेश नगर्ने, दरभाउपत्र फारममा विवरण नभरी धरौटी रसिद संलग्न गरी पेश गर्ने,सुचना प्रकाशन हुनुभन्दा अघिनै धरौटी रकम दाखिला गर्ने तथा दरभाउपत्र नै पेश नगरी धरौटी रकम माग गर्न आउने व्यक्ति/फर्महरुको धरौटी रकम फिर्ता गर्न कार्यालय वाध्य हुने छैन ।

९.म्याद नाघि आएको, रीत नपुगेको र सुचनाको शर्त विपरित भएका वोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१०.बोलपत्र स्वीकृत भएपश्चात कबोल अङ्कमा मुल्य अभिबृद्धि कर बापत १३ प्रतिशत थप र अन्य निकायमा कर, शुल्क लाग्ने भए सो समेत वोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

११.प्राप्त हुन आएका बोलपत्रहरु कुनै कारण जनाइ वा नजनाइ स्वीकृत गर्ने वा नगर्ने एकमुष्ट वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२.स्वीकृत बोलपत्रदाताले कबोल अङ्कको रकम पुरा बुझाई लिलाम सकार गरी सकेपछी मात्र अन्य दरभाउपत्रदाताहरुको धरौटी फिर्ता गरिनेछ

१३.पेश हुन आएका वोलपत्रहरु आंशिक वा प्रतिस्पर्धा सिमित हुनेगरी वा कुनै खास मालबस्तुलाई मात्र सकार गर्नेगरी कुनै एक वा केही मालबस्तुमात्र प्राप्त गर्ने गरी वोलपत्र खरिद गर्न पाईने छैन र त्यसरी एकमात्र वा केही मालबस्तु मात्र सकार गर्ने गरी पेश हुन आएका वोलपत्रहरु प्रतिस्पर्धामा समावेश नहुने र सुचनामा उल्लेखित सबै मालवस्तु सकार गर्ने गरी मात्र वोलपत्र पेश गर्नुपर्नेछ ।तर एउटा सुचना दर्ता नम्बरको एक जनाले प्रतिस्पर्धा गर्न पाउने छ र एउटा मात्र सुचनाको खरिद गर्ने गरी भने पाउने छैन ।

१५.सवारीसाधन दर्ता गर्दा लाग्ने शुल्क सवारी साधनको लिलाम सकार कर्ता वा वोलपत्रदाताले तिर्नुपर्नेछ ।

१६.सूचनामा प्रकाशित सवारीसाधनहरु एकमुष्ठ लिलाम बोल्नुपर्नेछ।

१७.लिलामहुने सवारी साधनहरु प्रचलित कानुन बमोजिम नेपाल सरकारको नीति बिपरित नहुनेगरी प्रयोग गर्नुपर्नेछ।

यससम्वन्धी अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

तपसिलः-

| सि न | सु. द. न. | मालबस्तुको नाम | उत्पादन मिति | उत्पादन मूल्य | हालह्रास कट्टी मूल्य मू.अ.कर बाहेक | हाल कायम भएको जम्मा मूल्य (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|---|---|
| १ | ५०७/०८०/०८१ | पिकअप भेन | २०१९ | २९,२०,०००।- | १४,६०,०००।- | ११,०९,६००।- |
| २ | ३१६/०७९/०८० | ट्रक टाटा | २०१८ | २६,५०,०००।- | १३,२५,०००।- | १०,०७,०००।- |

सरोज कोइराला
अनुसन्धान अधिकृत